पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८०।२।२६ बैठक क्र.सं. १८

निर्णयहरु:

१. गण्डकी प्रशिक्षण प्रतिष्ठानको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको पैयूँ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना (२०८०/८१-२०८२/८३) र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनीति २०८० स्वीकृत गर्ने ।

२. संघीय सशर्त अनुदान तर्फको चालु आर्थिक वर्षको शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत तपसिल बमोजिमका विद्यालय छनौट गर्ने ।

तपसिल

| सि.नं. | छनौट भएको विद्यालय | अनुदान कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | श्री टकलाक मा.बि. पैयूँ १ पर्वत | बिज्ञान प्रयोगशाला | |
| २ | श्री निर्मल जनसेवा मा.बि. त्रिवेणी पैंयूँ -२ पर्वत | पुस्तकालय स्थापना | |

३. संघीय सशर्त अनुदानबाट श्रोत सुनिश्चत भई ठेक्का प्रक्रिया मार्फत निर्माण सम्पन्न भएको ५ नं. वडा स्थित आधारभुत स्वास्थ्य ईकाइको निर्माणको भुक्तानीका लागि बाँकी रकम प्राप्त हुन ढिला भएकोले चालु आर्थिक बर्षको बार्षिक स्वीकृत कार्यक्रम बर्थिङ्ग सेन्टर निर्माण शीर्षक अन्तर्गतको श्रोतबाट रु. १० लाख शोधभर्ना हुने गरी खर्च लेख्ने र चालु आर्थिक वर्षको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतको ब्याकहो लोडर सञ्चालन ब्यवस्थापन खर्च शीर्षकबाट श्रोतान्तर गरि ४ नं. वडाको मर्दिखोला पुरानो बजार सडक स्तरोन्नती योजनाको लागि भुक्तानी गर्ने ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८०।२।२६ बैठक क्र.सं. १८

४. आर्थिक वर्ष २०८०-८१ को बार्षिक नीति तथा कार्यक्रम र बार्षिक बजेट तथा कार्यक्रमको लागि तपसिल बमोजिम कार्यसूचि तय गरियो ।

तपसिल

| सि.नं | कार्यक्रम | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | सर्वपक्षीय बैठक | २०८०।२।३२ गते | ११ वजे | ४ नं वडा कार्यालयको सभाहल | |
| २ | गाउँसभा सदस्य संग समन्वय/अन्तर्क्रिया बैठक | २०८०।३।१ गते | ११ बजे | ४ नं वडा कार्यालयको सभाहल | |
| ३ | कार्यपालिका बैठक | २०८०।३।३ गते | विहान ७ बजे | गाउँपालिका सभा हल | |
| ५ | कार्यपालिका बैठक | २०८०।३।४ गते | ३ गतेको बैठकबाट निर्धारित हुने | गाउँपालिकाको सभाहल | |
| ६ | वडा स्तरीय सर्व पक्षिय/सर्वदलिय बैठक | २०८०/३।५ गते | वडा समितिले निर्धारण गरे बमोजिम | सम्वन्धित वडाको वडा कार्यालयमा | |
| ७ | कार्यपालिका बैठक | २०८०/३।६ गते | दिउसो ३ बजे | गाउँपालिकाको सभाहल | |
| ८ | १२ औ गाउँसभा | २०८०।३।८ गते | विहान १० बजे | ४ नं वडाकार्यालयको सभाहल | |

५. शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत शाखा प्रमुखको रुपमा रहने शिक्षा अधिकृतको पद लामो समयदेखि रिक्त हुँदा सामुदायिक विद्यालयमा रिक्त हुन गएको करार/राहत सेवाका शिक्षकको पदपूर्ति रोकिएको र शैक्षिक गुणस्तर समेतलाई बाधा परेकोले शिक्षक पदपुर्ति प्रयोजनका लागि फलेवास नगरपालिकाका शिक्षा अधिकृत श्री कृष्ण प्रसाद आचार्यलाई शिक्षा अधिकृतको रुपमा काज खटाइदिन फलेवास नगरपालिका नगरपालिकाको कार्यालयलाई अनुरोध गर्ने ।

पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८०।२।२६ बैठक क्र.सं. १८

६. पशु सेवा शाखाको लागि अत्यावश्यक औषधी खरिद गर्ने ।

७. सम्वद्द पक्ष संग समन्वय तथा राय/ परामर्श लिइ आर्थिक वर्ष २०८०।८१ को पैंयूँ गाउँपालिकाको नीति तथा कार्यक्रमको मस्यौदा लेखन कार्य गाउँकार्यपालिका सदस्य त्रय मिन प्रसाद न्यौपाने, टुकलाल न्यौपाने र नारायण भुर्तेल र कर्मचारी श्री युवराज सुवेदीले गर्ने ।

८. मृगौला प्रत्यारोपण गरेका डायलसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७८ को दफा (३) बमोजिम ७ नं. बडा कार्यालयबाट अनुसूचि (२) बमोजिम पेश हुन आएको पैंयूँ गाउँपालिका वडा नं. ७ निवासी श्री हर्क बहादुर गुरुङ्ग ना.प्र.नं. (१०५) र भानुमाया गुरुङ्ग (ना.प्र. नं.६३४७) लाभ ग्राही कायम गरियो ।

पैंयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३